"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
प्रदेश नं. २, नेपाल
province No.2,Nepal

पत्र संख्या/Ref.No.:- शिक्षा ०७६/०७७
चलानी नं./Dispatch No.:- २३२६

मिति/Date: २०७७/०२/३२

**विषयः- School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन सम्वन्धमा ।**

श्री सामुदायिक, संस्थागत, धार्मिक परम्परागत विद्यालय तथा बालविकास केन्द्रहरु
गौर नगरपालिका ।

उपर्युक्त सम्बन्धमा शिक्षा तथा मानविय श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. २६१ मिति २०७७/०२/२५ गतेको सूचना अनुसार यस गौर नगरपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक परम्परागत विद्यालय र बालविकास कन्द्रहरुले २०७७ सालको School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन मिति २०७७/०३/१५ गते भित्र अनिवार्य रुपमा Upload गरी IEMIS मा भरिएको सम्पुर्ण विवरण .वास्तविक तथ्याङ्कको आधारमा रहेको भनी प्र.अ/प्रिन्सिपल ले प्रमाणित गर्ने, साथै त्यसमा फरक परे प्र.अ/प्रिन्सिपल स्वयं जिम्मेवार हुने व्यहोरा सहितको पत्र यस कार्यालयमा बुझाउनु हुन अनुरोध छ । विशेष जानकारीको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको वेभसाइट www.doe.gov.np मा राखिएको मिति २०७७/०२/२५ को सूचना हेर्नु हुन तथा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको मोबाईल नं. ९८५११७७८२८ तथा सूचना प्रविधि शाखाको मोबाईल नं. ९८४५५२७५६० मा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

.............................................
सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत
उपसचिव

सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत
उप सचिव

फोन नं. :– ०५५-५२०२९४ (नगर प्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (वारुण यन्त्र)
१६६०५५५२००२ (टोल फ्री नं), EXT.८००३- प्रमुख प्रशासकीय अधिकृत, फैक्स नं. :– ०५५ - ५२०२९२,
www.gaurmun.gov.np, Email :- gaurnapa@gmail.com,

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

प.सं.: यो.अ.२०७६।७७

मिति : २०७७/०२/२५

च.नं.: २६१

विषय : **Flash I & II School Census अन्तर्गतको Electronic based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन सम्वन्धी अनुरोध।**

श्री सवै नगरपालिका, गाँउपालिका, शिक्षा बिकास तथा समन्वय ईकाईहरू र सवै प्रकारका र तहका विद्यालयहरू।

प्रस्तुत विषयमा विगत २०६१ सालदेखि "सवैका लागि शिक्षा कार्यक्रमको कार्यान्वयनसँगै मुलुकभरी सञ्चालित सवै प्रकार र तहका (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) विद्यालयहरूवाट प्रत्येक शैक्षिक सत्रको सुरू (जेष्ठ ७ गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमश: Flash I र Flash II School Census Forms को माध्यमवाट विद्यालय शिक्षासँग सम्वन्धित सवै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशनका कार्यहरू साथै सोही आधारमा विद्यालय र तीनै तहका सरकारका योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन र मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरू निरन्तर हुँदै आएको व्यहोरा अवगत नै छ। यस सन्दर्भमा COVID19 को प्रकोप र जोखिमका कारण नेपाल सरकारको मिति २०७६/१२/०६ को निर्णय अनुसार भौतिकरूपमा उपस्थित भई सञ्चालन गर्ने सवै प्रकारका शैक्षिक गतिविधिहरू अर्को व्यवस्था नभए सम्मका लागि वन्द गर्ने भनिएको र हाल सम्म सम्पूर्ण शैक्षिक संस्थाहरू बन्दबन्दीको अवस्थामा रहेका छन्। गत शैक्षिक सत्र २०७६ को कक्षा १०, ११ र १२ को वोर्ड परीक्षा लगायत अन्य व्यवस्थापकीय कार्यहरू साथै नयाँ शैक्षिक सत्र २०७७ को वारेमा हालसम्म निर्णय हुन नसकेको अवस्था भएतापनि विद्यालयतहको <u>विद्युतीय "एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (**Excel based को Electronic School level IEMIS**)"</u> को व्यवस्थापनलाई निरन्तरता दिन नितान्त जरूरी देखिएको छ। यसका लागि आ-आफ्नो स्थानियतह र विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखी भौतिक दुरी साथै अन्य सुरक्षाका उपायहरू अपनाई प्रत्येक विद्यालयको सिमित जनशक्ती प्रयोग गरी हाललाई विद्यालयसँग सम्वन्धित अभिलेखहरुमध्ये निम्न अभिलेखहरू अध्यावधिक गर्न गराउनु हुन यस केन्द्रको मिति २०७७/०२/२५ को निर्णय अनुसार अनुरोध छ। यसो गर्दा ९०% कार्य सम्पन्न हुने र चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना खुले पछि उक्त विवरणमात्र Entry/Add गरे पुग्ने साथै Web Portal: iemis.doe.gov.np मा तुरून्तै Upload गर्न गराउन सकिने व्यहोरा अनुरोध छ।

१. हाल चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना शुरू नभएकाले सवै स्थानियतह अन्तरगतका सवै प्रकार (सामुदायिक, संस्थागत, धार्मिक र अन्य प्रकृतिका विद्यालयहरू) र तहका (पूर्व वालविकास देखि कक्षा १२ सम्म सञ्चालित

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

विद्यालयहरू) विद्यालयहरूले आ-आफ्नो विद्यालयको विद्युतीय "एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level EMIS)" File मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका निम्न तथ्याङ्क एवम् सूचनाहरूलाई Update (अध्यावधिक) गर्ने:

क) आ-आफ्नो विद्यालयको IEMIS File Update गर्दा Year set २०७७ बनाउने,

ख) शै.स.२०७६ को कक्षागत विद्यार्थीहरूको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहर्‍याउने, कक्षा छाड्ने, वार्षिक हाजिरी दिन आदि विवरणहरू) अध्यावधिक गर्ने (कक्षा १० र १२ बाहेक अरू सबै कक्षा),

ग) शै.स.२०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरूको प्राप्ताङ्क विवरणको Entry र अध्यावधिक गर्ने,

घ) शै.स.२०७६ को कक्षागत छात्रवृत्ति विवरण अध्यावधिक गर्ने,

ङ) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकार र तहका शिक्षकहरूको पूर्ण विवरण अध्यावधिक गर्ने,

च) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरूको पूर्ण विवरण अध्यावधिक गर्ने

छ) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारको भौतिक विवरण अध्यावधिक गर्ने

ज) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको विविधमा रहेको सबै विवरण अध्यावधिक गर्ने र

झ) आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन् राम्रोसँग रूजु गर्ने र IEMIS File "Save" गरी राख्ने ।

२. कतिपय हिमाली जिल्लाहरूमा शैक्षिक सत्र सञ्चालनमा रहेकोले त्यस्ता जिल्ला तथा स्थानीय तह अन्तरगतका विद्यालयहरूमा शैक्षिक सत्र २०७७ को नयाँ भर्नाको कार्य समेत सम्पन्न भएको भए माथि बूँदा नं.१ को "क" देखि "झ" सम्मका सबै कार्यहरू साथै नयाँ भर्ना भएका विद्यार्थीहरूको समेत विवरण Add गरी आफ्नो विद्यालयको IEMIS File पूर्ण गर्ने गराउने ।

३. माथि बुँदा नं.१ र २ मा उल्लेखित कार्यहरू सम्पन्न गरेका विद्यालयहरूले आफ्नो विद्यालयको IEMIS File मिति २०७७/०३/१५ गते देखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको **Web Portal: iemis.doe.gov.np** मा Upload गर्न गराउन सक्ने छन् । यसका लागि सम्बन्धित विद्यालय आफैले आफ्नो User Account बाट Upload गर्ने गराउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने ।

४. सम्बन्धित नगरपालिका र गाउँपालिकाले आफ्नो पालिका अन्तरगतका विद्यालयले IEMIS सम्बन्धी कार्य सम्पन्न गरी **Web Portal: iemis.doe.gov.np** मा Upload गर्नुपूर्व: *"यस विद्यालयको IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरू विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रूपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछौं । सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाउँला ।"* भन्ने व्यहोराको पत्र समेत पालिकामा पठाउने निर्देशन दिने र सोको अभिलेख समेत राख्ने ।